[यस्तो छ त्रिभुवन विमानस्थलबाट हुने मानव तस्करीको सूची, दिनमै एक करोडसम्मको खेलो-२ - (nepalmuhar.com)]

**तथ्य खोज राजनीति विशेष रिपोर्ट समसामयिक समाज**

# यस्तो छ त्रिभुवन विमानस्थलबाट हुने मानव तस्करीको सूची, दिनमै एक करोडसम्मको खेलो-२

भदौ २०, २०७९

माधव बस्नेत

7.8kShares

Share

Tweet

मानव तस्करीमा दुई दर्जन व्यक्ति तथा समूह संलग्न । मानव तस्करहरुको समूहले एक जना महिला बराबर ७५ हजार र पुरुषबाट २० हजार रुपैयाँ लिएर भिजिट भिषाको दुरुपयोग गरिरहेका छन् ।

**दृष्टान्त एक**

नेपाल एअरलाइन्सको विमानबाट अस्ति १८ भदौ राती ११.३० बजे भिजिट भिषा (भ्रमण प्रवेशाज्ञा) मा दुबई (संयुक्त अरब इमिरेट्स) जान लागेका तीन महिलालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको चेकजाँचमा खटिएको प्रहरीले फिर्ता गरि दियो । भिजिट भिषा शंकास्पद देखिएपछि विमानस्थल प्रहरीले उनीहरुलाई कागजातसहित मानव बेचबिखन ब्युरोलाई बुझाई दिएको थियो ।

ती महिलालाई विमानस्थल प्रहरीले फिर्ता गरिदिएपछि उनीहरु भोलिपल्ट अर्थात हिजो १९ भदौमा बिहान ११ बजे नै नेपाल प्रहरीको मानव बेचबिखन ब्युरो बबरमहल पुगेका थिए । नेपालमुहार प्रतिनिधि सवा ११ बजे मानव बेचबिखन ब्युरो पुग्दा नेपाल प्रहरीका एसपी एवं ब्युरोका प्रवक्ता दानबहादुर मल्ल रातीको उडानबाट दुबई जान रोकिएका महिलाहरुलाई मानव तस्करहरुले 'भिजिट भिषा' मा 'सेटिङ' गरी कसरी बेचबिखन गरिरहेका छन् भनेर सम्झाईरहेका थिए ।

एसपी मल्ल तिनीहरुलाई भन्दै थिए, "तपाईहरुको भिजिट भिषा शंकास्पद देखिएकाले विमानस्थल प्रहरीले अनुसन्धान गर्न भनेर हामीलाई दिएको हो । तपाईहरुको भिषा शंकास्पद हुँदाहुँदै पनि प्लेनको टिकट काट्ने ट्राभल एजेन्सीलाई समेत हामी मुद्दा दायर गर्छौं ।"

**दृष्टान्त दुई**

अस्ति ९ भदौको राती ३. ३० बजे जजिरा एअरलाइन्सबाट भिजिट भिषामा दुबईलगायत देशहरुमा उड्न लागेका ३९ जना महिलाहरुलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल प्रहरीले फिर्ता गरेर माइती नेपालको जिम्मा लगायो । त्यही रात एअर अरेबियाबाट २ र फ्लाई दुबईबाट ६ जना महिला भिजिट भिषामा विदेश उड्दै थिए । उनीहरुको भिषामा समेत ठूलै कैफियत देखिएपछि विमानस्थल प्रहरीले माइती नेपालमै पठाएको थियो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा परिचालित नेपाल प्रहरीले अस्ति ८ भदौ यता मात्र 'सेटिङ' मार्फत भिजिट भिषामा विदेश उड्न लागेका १ सय ९१ जना पुरुष र १ सय ४४ जना महिलासहित ३ सय ३५ जनालाई रोकेर मानव तस्करी एवं मानव बेचबिखनबाट जोगाएको छ । खासगरी जजिरा एअर, एअर अरेबिया, फ्लाई दुबई, थाई स्माईल, नेपाल एअरलाइन्सका मध्य रातका उडानमार्फत मानव तस्करहरुले भिजिट भिषा प्रयोग गरी सोझा सिधा महिला तथा पुरुषहरुलाई दुबई, कतार, मलेसियालगायत अफ्रिकी मुलुकसम्म उडाउने गरेका छन् । मध्यरातकै उडान प्रयोग गरी मानव तस्करी एवं बेचबिखनमा संलग्नहरुले सयौं नेपालीहरुलाई मध्यपूर्वका इरान, इराक, कुवेतदेखि अफ्रिकाको केन्यासम्म पुर्याई घरायसी एवं यौनजन्य क्रियाकलापमा लगाउने गरेका प्रहरीको अनुसन्धानबाट पुष्टि भएको छ ।

शंकास्पद भिजिट भिषा प्रयोग गरी मध्यरातका उडानबाट मानव तस्करी एवं बेचबिखन भइरहेको प्रमाण फेला परेपछि नियन्त्रणका लागि पहल गरिरहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा प्रमुख प्रहरी नायव महानिरीक्षक (डिआईजी) श्यामलाल ज्ञवाली बताउँछन् । "भिजिट भिषामा उड्न लागेकाहरुका कागजात शंकास्पद छन् । कतिपयलाई त कुन देश जान लागेको भन्ने समेत जानकारी छैन", डिआईजी ज्ञवाली भन्छन्, "तसर्थ मानव तस्करी एवं मानव बेचबिखन नहोस् भनेर उनीहरुका भिषालगायत कागजात अनुसन्धानका लागि नेपाल प्रहरीको मानव बेचबिखन ब्युरो र केन्द्रीय अनुसन्धान ब्युरो (सिआईबी) मा पठाएका छौं ।" भलै, ज्ञवाली धैरै खुल्न चाँहदैनन् ।

माइती नेपालका कार्यक्रम निर्देशक विश्व खडकाका शब्दमा भदौ ८ गतेदेखि अहिलेसम्म भिजिट भिषामा संयुक्त अरब इमिरेट्सलगायत देश उड्न लागेका १ सय जना महिलाहरुलाई उनीहरुले संरक्षण दिएका छन् । जसमध्ये ४ जनाले मानव बेचबिखन ब्युरोसँगको परामर्शपछि आफूहरुलाई गुमराहमा राखेर दुबई उडाउन लागेका 'तस्कर' विरुद्ध बेचबिखनको मुद्दा दायर गरेका छन् । "हामीलाई भिजिट भिसामा दुबई पुर्याएर अबुधावीभन्दा टाढा मरुभूमिमा ६० जना दिदी बहिनीहरुलाई बन्धक बनाइएको छ भन्ने सूचना प्राप्त भएको छ", निर्देशक खडका भन्छन् - "जसमध्येका एक जनालाई हामीले उद्दार गरेर नेपाल ल्याइसकेका छौं । बाँकीलाई पनि उद्दारका लागि पहल गरिरहेका छौं ।"

खडका थप्छन्, “मानव बेखबिखनमा संलग्नहरुले भिजिट भिषा प्रयोग गरी महिलाहरुलाई यहाँबाट सुरुमा संयुक्त अरब इमिरेट्स लैजाने अनि त्यहाँबाट कुवेत, कतार, इराक, इरानसम्म पठाउने गरेको पाइएको छ । हामीले सूचना पाएसम्मकालाई उद्दार गरेर ल्याउने पहल गरिरहेका छौं । सेटिङ निकै डर लाग्दो छ ।”

जानकारका अनुसार ट्राभल्स एण्ड टुर्स कम्पनी, म्यानपावर सञ्चालकहरुले रोजगारीको खोजीमा रहेका सोझा सिधा महिला/पुरुषहरुलाई हवाईजहाजको टिकट, केही सय अमेरिकी डलर एवं आवश्यक कागजात बनाई दिएर विमानस्थल पुर्याउने गरेका छन् । तर, भिजिट भिषामा उड्न लागेकाहरुलाई कहाँ जाने, कसलाई भेट्ने, कहाँ घुम्नेजस्ता योजनाबारे त कुरै छाडौं, कतिपयलाई त गन्तव्य मुलुकको समेत सामान्य जानकारी हुँदैन ।

भिजिट भिषामा जानेहरुसँग फर्कने टिकट समेत हुनुपर्छ । त्यो टिकट पनि नक्कली नै बनाइएको हुन्छ । यति मात्र होइन, भिजिट भिषामा विदेश घुम्न जानका लागि बैंकमा २ सय ५० अमेरिकी डलर (गृह मन्त्रालयले पछिल्लो कार्यविधि जारी गर्नु अघिसम्म) छ भन्ने स्टेटमेन्ट, छाप, स्लिप नक्कली बनाएर तस्करहरुले निर्वाध धन्दा चलाईरहेका स्रोतको भनाइ छ । कतिसम्म भने प्लस टु का प्रमाणपत्र, नाता प्रमाणित समेत नक्कली बनाउने गरिएको छ । कहिल्यै विदेश नगएकाहरुलाई पनि कम्तिमा भारत गएको भनेर ‘अराइभल डिर्पाचर’ बनाएर प्रक्रिया पुरा गरिन्छ ।

“भिजिट भिषाका लागि सम्पूर्ण कागजात नक्कली बनाएर प्रक्रिया पुर्याई खुलेआम मानव तस्करी र बेचबिखन भइरहेको छ”, अध्यागमन स्रोत भन्छ, “मानव तस्करहरुको समूहले सम्पूर्ण सेटिङ मिलाएर एक जना महिला बराबर ७५ हजार र पुरुषबाट २० हजार रुपैयाँ लिएर दैनिक एक करोड संकलन गरिरहेका छन् । जसका लागि विमानका स्टाफ र स्टेशन म्यानेजरहरुसँग समेत मिलोमतो गरिन्छ । उनीहरुलाई प्रतिव्यक्ति ५ हजार रुपैयाँ दिएर ‘बोडिङ क्लियर’ गराई अध्यागमनमा छिराईन्छ । अध्यागमनमा त झन् ठूलो ‘सेटिङ’ हुन्छ ।”

| सि.नं. | मिति | समय | एयरलाइन्स | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ०७९/०५/०८ | ३:३० | जजिरा | | ३९ | ३९ |
| २ | ०७९/०५/०८ | १२:३० | एयर अरबियर | | २ | २ |
| ३ | ०७९/०५/०८ | २१:०० | फ्लाई दुबई | | ६ | ६ |
| ४ | ०७९/०५/०९ | ३:३० | जजिरा एयर | १० | १६ | २६ |
| ५ | ०७९/०५/०९ | १०:०० | एयर अरबिया | ३७ | २ | ३९ |
| ६ | ०७९/०५/०९ | २२:०० | हिमालय एयर | १६ | ७ | २३ |
| ७ | ०७९/०५/१० | ३:३० | जजिरा एयर | ६ | १७ | २३ |
| ८ | ०७९/०५/१० | १०:०० | एयर अरेबिया | १४ | ४ | १८ |
| ९ | ०७९/०५/१० | १५:१५ | एयर अरेबिया | ४ | | ४ |
| १० | ०७९/०५/११ | ३:३० | जाजिरा एयर | ४ | १० | १४ |
| ११ | ०७९/०५/११ | १०:०० | फ्लाई दुबई | ३ | | ३ |
| १२ | ०७९/०५/११ | २३:०० | हिमालय एयर | ५ | १ | ६ |
| १३ | ०७९/०५/११ | २१:०० | फ्लाई दुबई | १ | २ | ३ |
| १४ | ०७९/०५/१२ | ३:३० | जजिरा एयर | ३ | ८ | ११ |
| १५ | ०७९/०५/१२ | १०:०० | एयर अरबिया | ९ | १ | १० |
| १६ | ०७९/०५/१२ | २१:०० | फ्लाई दुबई | ३ | | ३ |
| १७ | ०७९/०५/१३ | ३:३० | जजिरा एयर | ३ | | ३ |
| १८ | ०७९/०५/१३ | ९:३० | फ्लाई दुबई | ४ | | ४ |
| १९ | ०७९/०५/१३ | १०:०० | एयर अरबिया | १ | १ | २ |
| २० | ०७९/०५/१३ | १५:४५ | फ्लाई दुबई | | २ | २ |
| २१ | ०७९/०५/१३ | २१:०० | फ्लाई दुबई | ५ | | ५ |
| २२ | ०७९/०५/१३ | २२:४० | एयर अरबिया | ५ | | ५ |
| २३ | ०७९/०५/१३ | २२:४५ | हिमालय एयर | ८ | १ | ९ |
| २४ | ०७९/०५/१४ | ३:३० | जजिरा एयर | ४ | | ४ |
| २५ | ०७९/०५/१४ | ३:३० | कतार एयर | १ | | १ |
| २६ | ०७९/०५/१४ | १५:१५ | एयर अरबिया | २ | १ | ३ |
| २७ | ०७९/०५/१४ | २१:०० | फ्लाई दुबई | १ | | १ |
| २८ | ०७९/०५/१५ | ९:३० | फ्लाई दुबई | ४ | २ | ६ |
| २९ | ०७९/०५/१५ | १०:०० | एयर अरबिया | | २ | २ |
| ३० | ०७९/०५/१५ | १५:१५ | एयर अरबिया | १ | १ | २ |
| ३१ | ०७९/०५/१५ | १५:४५ | फ्लाई दुबई | १ | | १ |
| ३२ | ०७९/०५/१५ | २३:३० | नेपाल एयर | ३ | १ | ४ |
| ३३ | ०७९/०५/१६ | ३:३० | जजिरा एयर | | ४ | ४ |
| ३४ | ०७९/०५/१६ | १०:०० | एयर अरेबिया | ३ | | |
| ३५. | २०७९/०५/१६ | १५:४५ | फ्लाई दुबई | ४ | - | ४ |
| ३६. | २०७९/०५/१७ | १०:०० | एयर अरबिया | - | २ | २ |
| ३७. | २०७९/०५/१७ | १५:४५ | फ्लाई दुबई | १ | १ | २ |
| ३८. | २०७९/०५/१७ | २०:३० | कतार एयर | ४ | - | ४ |
| ३९. | २०७९/०५/१७ | २१:०० | फलाई दुबई | ३ | - | ३ |
| ४०. | २०७९/०५/१७ | २२:४० | एयर अरेबिया | १ | ७ | ८ |
| ४१. | २०७९/०५/१७ | २३:३० | नेपाल एयर | १ | - | १ |
| ४२. | २०७९/०५/१७ | ००:१० | हिमालय एयर | २ | - | २ |
| ४३. | २०७९/०५/१८ | ०१:३० | फलाई दुबई | २ | - | २ |
| ४४. | २०७९/०५/१८ | १०:१५ | कतार एयर | १ | - | १ |
| ४५. | २०७९/०५/१८ | २३:३० | नेपाल एयर | ७ | ३ | १० |
| ४६ | २०७९/०५/१९ | ०३:३० | जजिरा एयर | - | १ | १ |

**विमानस्थल सुरक्षा प्रहरीले भिजिट भिषामा विदेश जान रोकेकाहरुको सूची**

स्रोतका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यागमनका एक सय ४० जना कर्मचारी 'कार्यरत' छन् । जसमध्ये न्युनतम ४० जना जतिको विभिन्न ट्राभल एजेन्सीलगायत मानव तस्करी धन्दामा संलग्नसँग सिधा सम्पर्क छ । अध्यागमन विभागका अधिकृत इन्द्रप्रसाद चापागाई, चुडामणी केसी, ताराबहादुर कुवर, तिर्थराज कट्टेल, धनीराम शर्मा, राजेन्द्रकुमार गौतम, थानेश्वर पराजुली, मिनराज थापा, शोभाखर पोखरेल, मातृकाप्रसाद दाहाल, निरजकुमार श्रीवास्तव, कुशल बराललगायतका अधिकृतहरु मानव तस्करहरुको 'सेटिङ' मा परिचालित भइरहेको अध्यागमन स्रोतकै भनाइ छ । त्यसभन्दा तलका नासु, खरिदार पनि तस्करहरुकै इसारामा चल्छन् ।

आरोपित मध्येका एक अध्यागमन विभागका अधिकृत चापागाई बिरामी भएर भदौ २९ गतेसम्म बिदा बसेकोले भिजिट भिषाबारे आफूलाई खासै जानकारी नभएको बताउँछन् । "म बिरामी भएर यो एक डेड महिनाबीचमा बिदा नवीकरण गर्न एक दुई दिन, एक दुई दिन मात्र अफिस जाने गरेको छु", चापागाई भन्छन्, "त्यसैले यो बीचमा भिजिट भिषामा के भयो ? मलाई थाहा छैन ।"

अध्यागमनका अर्का अधिकृत चुणामणि केसी आफू भर्खर-भर्खर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आएको बताउँछन् । "केहीले हामीलाई पठाई दिनु पर्यो । भनिदिनु पर्यो सर भन्छन् । तर, हामी रिजेक्ट गर्छौ । कसैलाई भिजिट भिषामा बाहिर पठाउँदा हामी सबैले छलफल गरेर पठाउने हो । एक्ला-एक्लै पठाउनै मिल्दैन", केसी भन्छन्, "यहाँ हामीलाई मोवाइल बोक्न नै प्रतिबन्ध छ । त्यसैले हाम्रो कुनै पनि संलग्नता छैन ।"

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रात्री ड्युटीमा खटिरहेका अध्यागमन अधिकृत ताराबहादुर कुवर आफू एक कारिन्दा मात्र भएको बताउँछन् । "मलाई धेरै कुरा थाहा छैन । भिषा, कागजात हेर्ने आफ्नै मापदण्ड छ । त्यो मापदण्डभित्र छ भने डिर्पाचर दिने अधिकृतले नै हो", कुवर भन्छन्, "नियम अनुसार छ भने रोक्ने कुरा भएन । बाहिरबाट दलालहरुले, एजेन्टले पठाएको कुरा हामीलाई थाहा हुँदैन । अहिले भने प्रहरीले कडाई गरेको छ भन्ने सुनेको छु । शंकास्पद भिजिट भिषामा बाहिर पठाउनेमा व्यक्तिगत रुपमा मेरो संलग्नता छैन ।"

भिजिट भिषामा अध्यागमनका अधिकारीहरुको मिलेमतोबारे अध्यागमन कार्यालयका सूचना अधिकारी राजकुमार राई बिना प्रमाण अधिकृतहरुको ठूलो संख्या सेटिङमा संलग्न छन् भनेर भन्न नसकिने बताउँछन् । "त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत अध्यागमन विभागका अधिकारीहरुलाई मानव तस्करहरुले प्रयोग गरिरहेका छन् भन्ने आरोपलाई अध्यागमन कार्यालयले विस्वास गर्दैन" राईको भनाइ छ, "भिजिट भिषामा बाहिर जान लागेकाहरुलाई अहिले प्रहरीले चेकजाँच गरिरहनु भएको छ । डकुमेन्ट नपुगेका, भिषा शंकास्पद रहेकाहरुलाई उहाँहरुले नै फर्काइरहनु भएको छ । आधिकारिक प्रमाण नभएकाले भिजिट भिषामा बाहिर पठाउन अध्यागमनका अधिकारी नै संलग्न होलान भनेर पत्याउन सकिन्न ।"

यद्यपि स्रोतको दाबी छ- वैदेशिक रोजगार विभागबाट जति पनि कर्मचारी सरुवा भएर अध्यागमनमा आउँछन् । उनीहरुले त्यहाँ हाजिर भएकै भोलिपल्टबाट मानव तस्करी र बेचबिखनमा संलग्न 'तस्कर' र ट्राभल एजेन्सीसँग मिलेर सेटिङ सुरु गरिहाल्छन् । स्रोतका भनाइमा नेपाल एअरलाइन्सका 'स्टाफ' विजय अधिकारी भिजिट भिषाको सेटिङ मिलाउनेमा 'नम्वर वान' मानिन्छन् ।

अधिकारी भने आफूलाई यस विषयमा जानकारी नै नभएको जिकिर गर्छन । "यस्तो कुरा कसले गर्यो ? मेरो विषयमा कसले के भन्यो ? म इन्जिनियरिङ विभागमा कार्यरत छु । जुन एरियाबाट यात्रुहरुको उडान भइरहेको छ । मलाई त्यहाँ जाने छुट छैन", अधिकारी भन्छन्, "व्यक्तिगत रुपमा मलाई यो कुरा धेरै जानकारी छैन ।"

नेपाल एअरलाइन्सकै अर्का कर्मचारी भानु कटवाल, होम पोखरेल सेटिङको जिम्मा लिने अगुवामा पर्ने अध्यागमन स्रोत बताउँछ । अधिकारी, कटवाल र पोखरेललाई अध्यागमनका १४ जना अधिकारी घूस लेनदेनमा रङ्गेहात पक्ताउ परेका बेला अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बोलाएर बयान समेत लिएको थियो । कटवाल नेपालमुहारसँग आफू सेटिङमा संलग्न नभएको दाबी गर्छन । भन्छन्, "म कार्गो विभागमा काम गर्छु । म यात्रु उडाउने ठाउँमा काम नै गर्दिन । मैले कार्गोहरु आउने/जाने हेर्ने हो । हाम्रो विभाग नै फरक हो ।"

गृह मन्त्रालयले गत जेठ महिनामा भिजिट भिषा खुला गरेको थियो । त्यस यता भिजिट भिषामा खासगरी दुबई गएका ५३ हजारभन्दा बढी नेपाली फर्किएका छैनन । भिजिट भिषाको दुरुपयोग कुन हदसम्म भइरहेको छ ? यही तथ्यांकबाट पुष्टि हुन्छ । प्रश्न गम्भीर छ, अध्यागमनका अधिकारी, एअरलाइन्सहरुको मिलेमतो बिना भिजिट भिषामा यो हदसम्म विदेश जान संभव छ ? त्यसो भए भिजिट भिषामा हुलका हुल निरिह नागरिक विदेशिएर नारकीय दुःख पाउनुको जिम्मेवार को हो ?

**यी हुन् भिजिट भिषामा धेरैलाई बाहिर पठाउने नाइके**

भिजिट भिषामा साधारण महिला/पुरुषलाई बाहिर पठाउन ठूलो गिरोह नै संलग्न छ । स्रोतका अनुसार केएन ट्राभल्स एण्ड टुर्स (नयाँ बसपार्क) का सञ्चालक राजन लम्साल, सिटी ट्राभल्स एण्ड टुर्स (मेनपावर बजार, कालिमाटी डोल, सिनामंगल) का सञ्चालक विनोद कार्की, राजन एण्ड रोज ट्राभल एण्ड टुर्स ((मेनपावर बजार, कालिमाटी डोल, सिनामंगल) का सञ्चालक राजेन्द्र विष्ट, रेड पाण्डा ट्राभल एण्ड टुर्स (पशुपति भिजन प्लाजा) का सञ्चालक फडिन्द्र तामाङ, फन झ्याली ट्राभल्स एण्ड टुर्स (मित्रपार्क, ओरालो) का सञ्चालक दिनेश ढकाल, काभ्रे घर भएर मेनपावर बजार, कालिमाटी डोल, सिनामंगलमा ट्राभल कम्पनी सञ्चालन गर्ने मनोज लामा मानव तस्करी र मानव बेचबिखनको 'सेटिङ' मिलाउने अगुवा पात्रभित्र पर्छन ।

लम्साललाई मानव बेचबिखन ब्युरो र केन्द्रीय अनुसन्धान ब्युरोले नियन्त्रणमा लिइसकेको छ । तर, उनलाई पक्राउ गरि सक्दा नसक्दै प्रधानमन्त्री शेरबहादुर देउवाका स्वकीय सचिव भानु देउवाको फोन

आएपछि प्रहरी लम्साललाई छाड्न बाध्य हुँदै आएको स्रोत बताउँछ । यद्यपि लम्साल 'सेटिङ' मिलाएर भिजिट भिषामा महिला तथा पुरुषलाई विदेश पठाउनेबारे आफूलाई केही जानकारी नभएको बताउँछन् । भिजिट भिषामा उड्नेहरुको टिकट काट्नेमा तपाई सञ्चालक रहेको केएन ट्राभल्स एण्ड टुर्स अग्रपक्तिमा रहेछ नि ? "हाम्रो त नहुनु पर्ने हो । अलिअलि होला । त्यत्रो धेरै त छैन होला ?" लम्साल नेपालमुहारसँग भन्छन्, "मैले आफैं काट्ने होइन । एजेन्टहरु पनि आउँछन् । सेटिङको कुरा मलाई थाहा छैन । तपाई पत्रकार हुनु हुँदो रहेछ । आफैं बुझ्नुस् न ।"

सिटी ट्राभल्स एण्ड टुर्स (मेनपावर बजार, कालिमाटी डोल, सिनामंगल) का सञ्चालक विनोद कार्की, रेड पाण्डा ट्राभल्स एण्ड टुर्सका सञ्चालक फडिन्द्र तामाङलाई कुनै समय नेपाल प्रहरीको अपराध अनुसन्धान महाशाखाले पक्राउ गरेर १५ दिन हिरासतमा राखेको थियो । त्यसबेला अपराध महाशाखा प्रमुख पूर्वप्रहरी महानिरीक्षक सर्बेन्द्र खनाल थिए । महाशाखाबाट छुटेपछि पनि उनीहरुले अध्यागमन विभाग र एअरलाइन्सहरुसँग सेटिङ मिलाएर खाडीलगायत मुलुकमा महिलालाई भिजिट भिषामा पठाएर अकुत सम्पति आर्जन गरिरहेका छन् ।

प्रहरी स्रोतका अनुसार मानव बेचबिखन ब्युरो, केन्द्रीय अनुसन्धान ब्युरोले उनीहरुलाई निगरानी गरिरहेको छ । तर, राजनीतिक दबाबमा पक्राउ गर्न सकेको छैन । अध्यागमन स्रोतका भनाइमा रेड पाण्डा ट्राभल्स एण्ड टुर्सका सञ्चालक फडिन्द्र तामाङ सर्वसाधारण महिलाहरुलाई भिजिट भिषामा दुबई पठाउनेमा अग्रपक्ति पर्छन । दुबईबाट उनले सेटिङमा ती महिलाहरुलाई कुवेत, ओमन, कतारलगायत देशमा पठाउने गरेका छन् । जसमध्ये धेरैको बिचल्ली भएको छ ।

यद्यपि तामाङ रेड पाण्डा ट्राभल्स एण्ड टुर्स खारेज भइसकेको बताउँछन् । भिजिट भिषामा विदेश जानेहरुको टिकट आफूले नकाट्ने उनको दाबी छ । "भिजिट भिषामा विदेश जानेको सेटिङ मैले मिलाउँछु भनेर कसले भन्यो ? मैले अहिले टिकट पनि काट्दिन । सेटिङ पनि मिलाउँदिन", तामाङ भन्छन्, "पहिले-पहिले एक-दुई वर्ष पहिले टिकट चाहिँ काटिन्थ्यो । अहिले त्यो पनि छैन ।"

कलंकीमा आफ्नो मेनपावर र ट्राभल एजेन्सी छ भन्दै व्यक्तिगत रुपमा 'सेटिङ' मिलाएर महिलालाई भिजिट भिषामा विदेश पुर्याउनेमा रामराजा थापा, नुवाकोट अग्रपक्तिमा आउँछन् । उनी नेकपा (एमाले) का अगुवा कार्यकर्ता हुन् । थापाले ४ मंसिरको निर्वाचनमा नुवाकोटबाट प्रदेश सभाको उम्मेदवार बन्ने दाबी गरिरहेका जानकारको भनाइ छ । नेपाल मुहारले पटक-पटक प्रयास गर्दा थापाको मोवाइल लागेन ।

चाबहिलको गोपिकृष्ण पुल नजिकैको पेट्रोल पम्पलाई आफ्नो कार्यथलो बनाएर रामकुमार बस्नेतले पनि महिलालाई भिजिट भिषामा विदेश उडाउने गरेका छन् । उनले सहकर्मीहरुसँग आफू सेटिङ मिलाउने धन्दामा पारंगत रहेको भन्दै सगर्व बताउने गरेका स्रोतको भनाइ छ ।

कालिमाडी डोल सिनामंगलस्थित म्यानपावर बजारमा बसेर सर्वसाधारण महिला तथा पुरुषलाई भिजिट भिषामा विदेश उडाउनेमा जिमी राई, राजन राई, ध्यान राई, रवी केसी, मीना तिवारी (ट्राभल सञ्चालकसमेत), रवी पौडेल समेत संलग्न रहेका अध्यागमनका अधिकारीहरु बताउँछन् ।

त्यस्तै रोलेक्स ट्राभल एण्ड टुर्स (पुरानो बानेश्वर) का सञ्चालक देवराज खनाल पनि यो धन्दा गर्ने अगुवा भित्रै पर्छन । नयाँ बानेश्वरमा सक्सेस ट्राभल्स एण्ड टुर्स सञ्चालन गर्ने रोहित चिमोरिया र मल्टीपल ट्राभल्स सिनामंगलका दीपक राई पनि भिजिट भिषाको धन्दामा सहभागी छन् । स्रोतका अनुसार राईको कार्यालयमा बैदेशिक रोजगार विभागले छापा हानिसकेको छ । तर, सेटिङ मिलाएर छुटेर समेत उनी पुनः त्यही धन्दामा संलग्न छन् ।

गौशालामा म्यानपावर र ट्राभल सञ्चालन गर्ने शिवसिंह यादव, पप्पु यादव, प्रमोद ठाकुर समेत मानव तस्करी गर्ने अगुवा भित्रै पर्छन । यादवद्धय र ठाकुरले तराई/मधेस मुलका ठूलो संख्याका सर्वसाधारणलाई दुबईको भिजिट भिषा प्रयोग गरी श्रम स्वीकृत नलिई दैनिक ३०/४० जनाको संख्यामा कतार पठाउने गरेका छन् । बसुन्धरामा जय भूमिराज ट्राभल्स एण्ड टुर्सका सञ्चालन गर्ने अविनास मर्हजन र म्यानपावर बजार कालिमाटी डोल सिनामंलगमा कार्यरत अनुदान महतो पनि भिजिट भिषाको अवैध धन्दामा संलग्न रहेका जानकारको भनाइ छ ।

अनुसन्धानमा संलग्न प्रहरीका अनुसार रमेश काफ्ले भक्तपुर, अनिशजंग बस्नेत भक्तपुर, रामशरण राउत सुकेधारा, लाल भगत सुकेधारा, राजकुमार गोले नयाँ बसपार्कलाई कार्य क्षेत्र बनाएर मानव तस्करीमा संलग्न छन् । नयाँ बसपार्कमा होटल ग्रिन सञ्चालन गर्ने पाल्पाका विष्णु भण्डारी पनि भिजिट भिषाको खेलका नामुद ‘जुवाडे’ हुन् । आफूलाई रमेश थापाका नामले चिनाउने गोरखाका भक्त बि.क. पनि नयाँ बसपार्कलाई मुकाम बनाएर मानव तस्करीमा संलग्न रहेका स्रोतको भनाइ छ ।

मेट्रो पोलिटन ट्राभल एण्ड टुर्स कमलपोखरीका सञ्चालक दिनेश लामा र लुम्बिनी होलिडेज ट्राभल एण्ड टुर्स ठमेलका सञ्चालक चुडा लामा यही धन्दामा चुर्लुम्म डुबेका छन् । लामाले ०६० सालको सेरोफेरोदेखि नै अस्कल क्याम्पस पछाडि कार्यालय राखेर सरकारले प्रतिबन्ध लगाएका इराक, अफगानिस्तानलगायत मुलुकमा मानिसहरुलाई पठाउने गरेका थिए । पछिल्लो समयमा उनले भिजिट भिषामा मानिसहरु विदेश पठाएर अलपत्र बनाइरहेका छन् । स्रोतका अनुसार युरोटेक म्यानपावर (सामाखुशी) का सञ्चालक रमेश श्रेष्ठ पनि भिजिट भिषामा धेरैलाई बाहिर पठाउने अगुवा हुन् । यद्यपि *नेपालमुहार*सँग श्रेष्ठले आफूले त्यस्तो नगरेको दाबी गरेका छन् । “हामी त्यस्तो काम नै गर्दैनौ । हाम्रो त्यस्तो छैन” श्रेष्ठको भनाइ छ, “कसैलाई जब ग्यारेन्टी गरेर हामी त्यस्तो काम गर्दैनौ । भिजिट भिषासँग हाम्रो कुनै सरोकार छैन ।”

गौशालामा ट्राभल सञ्चालन गर्ने दीपक ढकाल, नयाँ बानेश्वरका मुरारी निरौला र नविन भट्ट समेत भिजिट भिषामा मान्छे विदेश पुर्याउने गिरोहमा संलग्न छन् । लोयल ट्राभल्स ठमेल, रस्मिता ट्राभल

एण्ड टुर्स गौशाला, प्रयास ट्राभल्स एण्ड टुर्स, लाइट ट्राभल्स एण्ड टुर्स, मंगोलियन ट्राभल्स एण्ड टुर्स, सुभम ट्राभल्स एण्ड टुर्सले भिजिट भिषाका लागि धैरै भन्दा धैरै टिकट काटेका अनुसन्धानले देखाएको छ ।

अध्यागमन र प्रहरी स्रोतका अनुसार मानव तस्करी र बेचबिखनमा संलग्नहरुले 'सेटिङ' मिलाउनका लागि समिति नै गठन गरेका छन् । त्यही समितिमार्फत प्रधानमन्त्री निवास बालुवाटारदेखि गृह मन्त्रालयसम्म सबैतिर 'लाइन' मिलाउने कामको जिम्मेवारी बरदान सेजुवाल, शेरबहादुर थापालगायतले लिएका छन् ।

"मानव तस्करी र बेचबिखनमा संलग्नहरुले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दैनिक एक करोड रुपैयाँ संकलन गरिरहेका छन् । प्रत्येक २४ घण्टामा संकलन भएको पैसालाई एकै ठाउँ जम्मा गरेर समितिमार्फत सेटिङ अनुसार कसलाई कति बुझाउने भागवण्डा गरिन्छ", स्रोतको कथन छ, "सूची हेरेर पैसा बाँडफाँड गरिन्छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका 'सिफ्ट इन्चार्ज', उपसचिव, सहसचिव, गृह मन्त्रालय र प्रधानमन्त्रीको कार्यालयमा समेत उक्त रकम पुग्ने गरेको छ ।"